राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय

२०७८ असार ०८ गते मंगलबारको दिन बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको ६३औं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :

१. आगामी आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रमलाई स्वीकृत गरी गाउँ सभाको बैठकमा पेश गर्ने ।

२. आगामी आर्थिक बर्ष २०७८/०७९ को लागि प्रस्तुत राक्सिराङ्ग गाउँपालिकाको आर्थिक विधेयक, २०७८ स्वीकृत गरी गाउँ सभामा पेश गर्ने ।

३. आगामी आर्थिक बर्ष २०७८।०७९ को लागि प्रस्तुत राक्सिराङ्ग गाउँपालिकाको विनियोजन विधेयक, २०७८ स्वीकृत गरी गाउँ सभामा पेश गर्ने ।

४. आगामी आर्थिक बर्ष २०७८।०७९ को लागि प्रस्तुत राक्सिराङ्ग गाउँपालिकाको राजस्व तथा व्ययको अनुमान (बजेट) स्वीकृत गरी गाउँ सभामा पेश गर्ने ।

५ (क) चालु आर्थिक वर्षका निमित्त संघीय सरकारबाट सशर्त, समपुरक तथा विशेष अनुदान शीर्षकबाट सञ्चालन गर्न प्राप्त तपशिलका आयोजना तथा कार्यक्रमको सम्पन्न गर्ने समयावधी आगामी आर्थिक वर्षको फागुन मसान्तसम्म थप गरिदिन अनुरोध गर्ने ।

तपशिल :

| सि.नं. | आयोजनाको नाम | ठेगाना | अनुदानको किसिम | ठेक्का रकम | ठेक्का लिने फर्म | सम्झौता मिति |
|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य ईकाइ भवन निर्माण | राक्सिराङ्ग-१ कुपिनटार | संघिय अनुदान | ३८८६३५५.२४ | तामाङ्ग कन्स्ट्रक्सन | २०७७/०२/१९ |
| २ | स्वास्थ्य ईकाइ भवन निर्माण | राक्सिराङ्ग-३ पलाँसे | संघिय अनुदान | ३८८६३५५.२४ | अंकिता निर्माण सेवा | २०७७/०२/१९ |
| ३ | स्वास्थ्य ईकाइ भवन निर्माण | राक्सिराङ्ग-४ राक्सिराङ्ग | संघिय अनुदान | ३८८६३५५.२४ | अंकिता निर्माण सेवा | २०७७/०२/१९ |
| ४ | स्वास्थ्य ईकाइ भवन निर्माण | राक्सिराङ्ग-८ देवीटार | संघिय अनुदान | ३८८६३५५.२४ | अंकिता निर्माण सेवा | २०७७/०२/१९ |
| ५ | स्वास्थ्य ईकाइ भवन निर्माण | राक्सिराङ्ग-७ धिराङ्ग | संघिय अनुदान | ३८८६३५५.२४ | तामाङ्ग कन्स्ट्रक्सन | २०७७/०२/१९ |
| ६ | स्वास्थ्य ईकाइ भवन निर्माण | राक्सिराङ्ग-९ खैराङ्ग | संघिय अनुदान | ३८८६३५५.२४ | अंकिता निर्माण सेवा | २०७७/०२/१९ |
| ७ | चैनपुर देबीटार मानेडाँडा-धिराङ्ग जोड्ने सडक | राक्सिराङ्ग-८ र ७ | प्रदेश अनुदान | ७७,६२,५५१.०० | वेहडाबाबा निर्माण सेवा,धनगढी | २०७७/९/२० |
| ८ | चैनपुर सुनारीसौरा लापुर सानोभावर सडक | राक्सिराङ्ग-२ | प्रदेश अनुदान | ७८,३३,२५६.०० | वेहडाबाबा निर्माण सेवा,धनगढी | २०७७/१०/१० |
| ९ | सरिखेत केरावारी ज्यामिरे सडक निर्माण | राक्सिराङ्ग-३ | प्रदेश अनुदान | २००००००। | उ भो स बाट | २०७७ जेठ |
| १० | गार्खा रतुवा सडक | राक्सिराङ्ग-४ | गा.पा. | १९,६७८४१.०० | सुशान कन्स्ट्रक्सन,भिम्फेदी-४ | २०७७/११/०३ |

युवराज अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | दुङ्ग्रु गोराङ्दी दोभान सडक | राक्सिराङ्ग-४ | गा.पा. | १९,३३,६०७.०० | सुशान कन्स्ट्रक्सन,भिम्फेदी-४ | २०७७/११/०३ |
| १२ | चैनपुर बोटबारी परेवाभिर सडक | राक्सिराङ्ग-५ | संघिय अनुदान | ४,३२,१५,८२२.०० | लामा-बानियाँ जे/भी हेटौडा | २०७७/८/२२ |
| १३ | चैनपुर बोटबारी सेरवाल फिलड | राक्सिराङ्ग-५ | गा पा | १९५०००० | इभिना कन्स्ट्रक्सन | २०७८/२/१८ |

(ख) चालु आर्थिक वर्षका निमित्त गाउँपालिकाको श्रोतबाट सम्झौता भई कोरोना महामारीको कारण सम्पन्न हुन नसकेका तपशिलका आयोजना तथा कार्यक्रमको सम्पन्न गर्ने समयावधी आगामी आर्थिक वर्षको फागुन मसान्तसम्म थप गर्ने।

तपशिल :

| क्र.स | कार्यक्रमको नाम | बजेट | सम्झौता भएको संस्था |
|---|---|---|---|
| १ | सामुदायिक वन उपभोक्ता समुहहरुलाई सशक्तिकरण तालिम | रु. ३,००,००० | श्री भर्याङ्गकाली सामुदायिक वन उपभोक्ता समूह, राक्सिराङ्ग-३ |
| २ | (क) बालक्लब गठन तथा परिचालन<br>(ख) बालमैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रम | रु.१,५०,००० | दियालो नेपाल, राक्सिराङ्ग-३ |
| ३ | आदिवासी जनजातीको लागि<br>(क) नेतृत्व, क्षमता विकास कार्यक्रम<br>(ख) हस्तकला सामग्री बनाउने तालिम | रु.२,५०,०००<br>रु.३,००,००० | आदिवासी जनजाती समन्वय समिति, राक्सिराङ्ग |
| ४ | एम्वुलेन्स खरिद वडा नं ६ | रु.२,००,०००<br>१६५०००० | |

६. मिति २०७८।०२।१८ को अध्यक्षस्तरको निर्णयानुसार सिलवन्दी दरभाउपत्र मार्फत ठेक्का प्रकृयामा गएका तपशिलका आयोजना अनुमोदन गर्ने ।

१. चैनपुर देवीटार मानेडाँडा-धिराङ्ग जोडने सडक ढलान रु. २०,००,०००।
२. चैनपुर सुनारीसौरा लापुर सानोभावर सडक ढलान रु. २०,००,०००।
३. कैलाश-कोखारी गैजुराङ्ग सडक ढलान रु. २०,००,०००।

७. भूउपयोग ऐन, २०७६ को दफा (२०) १ बमोजिम देहाय बमोजिमको एक भूउपयोग कार्यान्वयन समिति गठनगर्ने ।

**तपसिल:**

(क) गाउँ कार्यपालिकाको अध्यक्ष -अध्यक्ष
(ख) वडा अध्यक्ष श्री ........................ -सदस्य
(ग) स्थानीय तहका कृषि, वन, भूमि, सहरी विकास र भौतिक पूर्वाधारसंग सम्बन्धित शाखाका प्रमुखहरु मध्येबाट ईन्जिनियर श्री शर्मिला पौडेल -सदस्य
(घ) सरोकारवाला मध्येबाट श्री निर्मला हिम्दुङ्ग, श्री सुकमाया वि.क. श्री कान्छाराम रुम्वा, श्री वावुलाल स्याङ्तान-सदस्य
(ङ) प्रमुख प्रशासकिय अधिकृत -सदस्य-सचिव

८. तपसिलमा उल्लेखित करार सेवामा कार्यरत जनशक्तिको करार अवधि २०७८ बैशाख २१ गते देखि समाप्त भएकोले म्याद समाप्त भएको मिति २०७८ बैशाख २१ गतेबाट लागु हुने गरी २०७८ पुस मसान्तसम्म थप गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

तपसिल:

| सि.नं. | करार कर्मचारीको नाम | पद | तह/श्रेणी | कार्यरत स्थल |
|---|---|---|---|---|
| १ | श्री धन बहादुर खत्री | मेडिकल अधिकृत | अधिकृत आठौं | राक्सिराङ्ग स्वास्थ्य चौकि |

राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राक्सिराङ्ग, मकवानपुर बागमती प्रदेश, नेपाल

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय

९.(क) न्यायिक समितिको तर्फबाट संयोजक श्री निर्मला हिम्डुङ्गले पेश गर्नुभएको देहायको वार्षिक प्रतिवेदन अनुमोदनको लागि अध्यक्ष मार्फत सभामा पेश गर्न स्वीकृत गर्ने ।

**न्यायिक समितिको वार्षिक प्रतिवेदन**

वर्तमान नेपालको संविधानको धारा २१७ को कार्यान्वयनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ अनुसार राक्सिराङ्ग गाउँ सभाले न्यायिक समिति गठन गरेको छ । न्यायिक समितिको संयोजकमा श्री निर्मला हिम्डुङ्ग, र सदस्यहरुमा श्री रामकृष्ण प्रजा र कर्ण कुमारी राउत रहनु भएको छ भने कानुनी सहजकर्तामा श्री डिना हिम्डुङ्गले कामकाज गरिरहेको अवस्था छ । नेपालको संविधान धारा २१४ को उपधारा ( १) र (२) तथा अनुसुची ८ मा उल्लेखित स्थानीय तहको अधिकारहरु र मेलमिलाप सम्बन्धी ऐन, २०६८ तथा नियमावली २०७० मा भएका व्यस्थालाई आत्मासाथ गर्दै राक्सिराङ्ग गाउँपालिकाका ९ वटै वडाहरुमा मेलमिलापको कार्यमा सहजीकरण गर्न ४८ घण्टे तालिम प्राप्त २७ जना मेलमिलाप कर्ताहरुलाई सुचिकृत गरिएको छ ।

राक्सिराङ्ग गाउँपालिका न्यायिक समिति समक्ष चालु आर्थिक वर्षको साउँन देखी असार मसान्त सम्म १०वटा मुद्धा दर्ता भएका छन । दर्ता भएका मुद्धा मध्य गालीगलौच , लेनदेन ,पानिको वाट्फाट र श्रीमान श्रीमती विच भएको कुटपिट् गरी जम्मा ७ वटा मुद्धा मिलापत्र भएको छ भने सम्बन्ध विच्छेद सम्बन्धी विवाद न्यायिक समितिबाट निरुपन हुन नसकी सम्बन्धित निकायमा पठाएको छ ।

राक्सिराङ्ग गाउँपालिका वडा नं. २ को मेलमिलाप केन्द्रमा चालु आर्थिक वर्ष साउँन मसान्त देखी असार मसान्त सम्ममा २ वटा मुद्धा दुवैको सहमतिमा मिलापत्र भरिएको छ भने वडा नं. ३ को मेलमिलाप केन्द्र बाट ३ वटा मुद्धाहरु मिलापत्र भएको छ । जसमा गालीगलौ, कुट्पिट ,गरी जम्मा ३ वटा मुद्धा दर्ता भई मिलापत्र भएको छ । वडा नं. ४ को मेलमिलाप केन्द्रबाट जग्गा सम्बन्धी विवाद १ वटा दर्ता भई मिलापत्र भएको छ भने वडा नं. ८ को मेलमिलाप केन्द्रमा गालीगलौज लगायतका स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (२) बमोजिम मुद्धाहरु सम्बन्धी मुद्धा दर्ता भई मिलापत्र भएको छ ।

त्यसैगरी राक्सिराङ्ग गाउँपालिका वडा नं. १ मेलमिलाप केन्द्र मा ३ वटा मुद्धा दर्ता भई मिलापत्र भएको जानकारी प्राप्त भएको तर लिखित रुपमा मिलापत्र भएको कागजात न्यायिक समितिमा प्राप्त नभएको र वडा नं.५,६,७ र ९ मा कुनै प्रकारको मुद्धा मेलमिलाप केन्द्रमा प्राप्त नभएको भनि मेलमिलाप केन्द्र मार्फत न्यायिक समितिमा मौखिक रुपमा जानकारी प्राप्त भएको छ ।

२०७७ साउन देखी असार मसान्त सम्ममा न्यायिक समितिमा १० वटा मुद्धा दर्ता भएको र ७ वटा लिखित रुपमा दुवै पक्षको सहमतिमा मिलापत्र भएको र २ वटा श्रीमान श्रीमती बिचको सम्वन्ध विच्छेद सम्बन्धी विवाद भएको ले सम्बन्धित निकायमा पठाइएको तथा १ वटा मुद्धा पटक पटक म्याद तोक्दा पनि उपस्थित नभएकोले डिसमिस फैसला भएको छ । जस मध्य राक्सिराङ्ग गाउँपालिका मेलमिलाप केन्द्रहरुबाट जम्मा ७ वटा मुद्धा मिलापत्र भएको छ भने न्यायिक समिति र मेलमिलाप केन्द्र गरी जम्मा १४ वटा मुद्धा बादी प्रतिवादी दुवैको सहमतीमा मिलापत्र भएको छ ।

यसका साथै मेलमिलापको आवश्यक्ता र महत्व तथा मेलमिलाप कर्ताको भूमिका र दायित्व मेलमिलाप कर्ताले मेलमिलाप गराउँदा ख्याल गर्नु पर्ने कानुनी प्रावधानका साथै मुलुकी देवानी (संहिता ) ऐन २०७४ सम्बन्धी पुर्नताजगी तालिम कार्याक्रम समय, समयमा सञ्चालन गरिएको छ । उक्त तालिम कार्यक्रम पश्चात मेलमिलाप गर्ने, गराउने कार्यमा थप प्रभावकारीता आएको छ ।

अन्त्यमा, राक्सिराङ्ग गाउँपालिकाको कुनैपनि व्यक्ति अन्यायमा नपरुन, सबैले निष्पक्ष न्यायको महसुस गर्न सकुन, विना गल्ती वा कसुर कुनैपनि व्यक्ति सजायको भागिदार बन्न नपरोस, हरेक नागरिक आफ्नो हक अधिकारको लागि लड्न सकुन, मेलमिलाप केन्द्र र न्यायिक समिति तथा मेलमिलाप कर्ताहरुले निष्पक्ष ढंगले प्रभावकारी न्याय सम्पादन गर्न, गराउन सक्ने सक्षम बनाउने तर्फ न्यायिक समिति एंव गाउँपालिका विभिन्न कार्याक्रमका साथ अघि बढिरहेको छ ।

राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राक्सिराङ्ग, मकवानपुर बागमती प्रदेश, नेपाल

युवराज आचार्य प्रमुख प्रशासकीय अधिकृत

निर्मला हिम्डुङ्ग
संयोजक
न्यायिक समिति
राक्सिराङ्ग गाउँपालिका

१०. राक्सिराङ गाउँपालिकाको स्थानीय वन विधयेक, २०७८ लाई स्वीकृत गरी गाउँसभाको बैठकमा पेश गर्ने ।

११. मेलम्ची नगरपालिकामा बाढीको कारण भएको धनजनको क्षतिमा केहि मलम लगाउन चालु तर्फको मिल्ने शीर्षकबाट रु १,००,०००। सहयोग गर्ने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर बागमती प्रदेश, नेपाल

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत